# हङकङ लेबोर डिपार्टमेन्ट – युथ इम्प्लोइमेन्ट स्टार्ट

**परिचय**

**१.१ पृष्ठभूमि**

२००६-०७ को नीति एजेण्डामा प्रमुख कार्यकारीले घोषणा गर्नुभएको छ कि दुईवटा युवा रोजगारी श्रोत केन्द्रहरु, अहिले "युवा रोजगारी स्टार्ट" (Y.E.S) भनि पुन:नामकरण भएको, १५ देखी २९ वर्ष बीचका युवा मानिसलाई एक-स्टप रोजगारी र स्व-रोजगारी सहायता सेवा प्रदान गर्नको लागि सेट अप गरिनेछन । Langham Place, Mong Kok मा अवस्थित पहिलो Y.E.S. २० डिसेम्बर २००७ देखि संचालनमा आएको छ र Metroplaza, Kwai Fong मा रहेको दोस्रो भने १९ मार्च २००८ मा सेट अप भएको थियो ।

**१.२ दृष्टि**

Y.E.S. ले एक-स्टप रोजगारी मंच हुने उदेश्य लिएको छ जहाँ युवाले आफ्ना विभिन्न रोजगारी आवश्यकताहरु प्राप्त गर्न, आफ्नो रोजगारी क्षमता विकास गर्न र साथै रोजगारीमा आफ्नो दिगो विकास सहज बनाउनको लागि सहायता पाउनेछन ।

**१.३ उदेश्य**

- युवाको रोजगारी आवश्यकताहरुको ख्याल गर्नु
- युवालाई उनीहरुको रोजगारी सम्भाव्यताहरु खुलाउन सहायता गर्नु
- युवालाई सटिक मजदुर बजार जानकारी जम्मा गर्न सहायता गर्नु
- प्रतिभाशाली युवालाई उनीहरुको स्व-रोजगारी व्यापारहरु विकास गर्न सहायता गर्नु

**१.४ लक्षित सेवाग्राहीहरु**

Y.E.S. का लक्षित सेवाग्राहीहरु १५ देखि २९ वर्ष बीचका युवा मानिसहरु हुन, निम्नलिखित सहित:

- रोजगारी-खोजिरहेकाहरु
- रोजगार युवा
- युवा व्यापारीहरु
- विद्यार्थीहरु

- युवाहरु जसले युवा रोजगारी र प्रशिक्षण प्रोग्राम (YETP) मा सहभागिता जनाएका छन

### १.५ सदस्यता प्रणाली

हङकङमा कानुनीरुपमा बसोबास गर्ने र काम गर्ने १५ देखि २९ वर्षका युवा मानिसले Y.E.S. सदस्यको रुपमा दर्ता गर्नसक्छन र मान्य व्यापार दर्ता प्रमाणपत्रहरु बोकेका १८ देखि २९ वर्षका युवा व्यापारीहरुले विस्तृत शृंखलाका व्यापार सेवा र सुविधाहरुको लाभ लिनको लागि व्यापार सदस्य बन्न सक्छन । अन-साइट दर्ताको समयमा, सेवाहरुको बुकिङ र विभिन्न सुविधाहरुको सक्रियताको लागि सदस्यहरुलाई निजिकृत सदस्यता स्मार्टकार्डहरु जारी गरिनेछ । सम्पूर्ण Y.E.S. सेवा र सुविधाहरु निशुल्क रहेकाछन ।

## Y.E.S. सेवाहरु

### २.१ युवाको लागि निजिकृत सेवाहरु

#### २.१.१ क्यारियर मुल्यांकन किट

हङकङको चाइनिज विश्वविद्यालयका प्राध्यापक वोङ चि-समले Y.E.S. को लागि विस्तृत क्यारियर मुल्यांकन किट विकसित गर्नुभएको छ । यो रोचक उपकरणले युवा मानिसलाई दिगो रोजगारी छनोट गर्नको निम्ति आफ्ना क्यारियर रुचीहरु, व्यक्तित्व, भावनात्मक बौद्धिकता, क्यारियर परिपक्वता र उद्यमी सम्भाव्यताहरुको राम्रो बुझाई राख्न सक्षम गर्दछ । मुल्यांकन किटले निम्नअनुसारका पाँच परिक्षणहरु समावेश गर्दछः

1. वोङको क्यारियर रुची मुल्यांकन प्रश्नावली
2. वोङको भावनात्मक बौद्धिकता स्केल
3. ठुला-पाँच व्यक्तित्व स्केल
4. वोङको क्यारियर परिपक्वता स्केल
5. उद्यमी सम्भाव्यता

**निम्नलाई सुझाव गरिन्छ**

- Y.E.S. सदस्य
- व्यापार सदस्य

**मोड**

- अन्तर्क्रियात्मक खेल

**उपलब्ध भाषाहरु**

- अंग्रेजी
- सरलीकृत चाइनिज

- परम्परागत चाइनिज

**२.१.२ क्यारियर परामर्श र व्यावसायिक परामर्श सेवाहरु**

हामीले बुझ्छौं कि युवाले आफ्नो विकासको प्रक्रियामा विभिन्न निर्णयहरु लिनको लागि मार्गदर्शन र सहायता प्राप्त गर्नु महत्वपूर्ण रहेको छ । त्यसैला, Y.E.S. सँग क्यारियर परामर्शदाता र दर्ता भएका सामाजिक कार्यकर्ताहरुको एउटा समूह छ जो युवालाई निम्न सेवाहरु प्रदान गर्नको लागि तयार छन्:

Y.E.S. क्यारियर परामर्शदाताहरुले युवालाई कामको संसारको लागि तयार हुन र उनीहरुलाई दिगो विकास छनोट गर्न मदत गर्नको निम्ति व्यक्तिगत क्यारियर मार्गदर्शन र श्रम बजार जानकारी प्रदान गर्छन ।

Y.E.S. क्यारियर परामर्शदाताहरुले क्यारियर मुल्यांकन किट पूर्ण गरेकाहरुलाई उनीहरुको क्यारियर आकांक्षाको राम्रो बुझाई राख्न सक्षम बनाउनको निम्ति मुल्यांकन आंकलन सत्रहरु पनि प्रदान गर्छन । बदलामा यसले उनीहरुको क्यारियर बुझाईलाई बढाउँछ र उनीहरुको विकासमा सुविधा पुर्याउँछ ।

Y.E.S. मा दर्ता भएका सामाजिक कार्यकर्ताहरुले युवा मानिसलाई उनीहरुको व्यक्तिगत विकासमा सुविधा दिनको निम्ति व्यक्तिगत वा सामूहिक आधारमा व्यावसायिक परामर्श सेवा प्रस्ताव गर्छन ।

**निम्नलाई सुझाव गरिन्छ**

- Y.E.S. सदस्य
- व्यापार सदस्य

**मोड**

- Y.E.S. परामर्शदाताहरु द्वारा प्रदान गरिने परामर्श सत्र

**उपलब्ध भाषाहरु**

- अंग्रेजी
- क्यान्टोनिज
- पुटोङगुवा

**१.२.३ कृत्रिम अन्तर्वार्ता सेवा**

Y.E.S. क्यारियर परामर्शदाताहरुले भिडियो-रेकर्डिङ सुविधाहरु सहितको एउटा व्यवस्थापनमा युवालाई कृत्रिम अन्तर्वार्ता सेवा प्रस्ताव गर्छन । क्यारियर परामर्शदाताहरुले सोहि स्थानमा युवा मानिसको अन्तर्वार्ता कार्यसम्पन्नताको समिक्षा गर्नेछन र भविष्यका रोजगारी अन्तर्वार्ताहरुमा उनीहरुको सफलताको अवसरहरु बढाउने उदेश्यको साथमा उनीहरुको अन्तर्वार्ता कुशलता सुधार गर्नेछन ।

कृत्रिम  अन्तर्वार्ता सेवा प्राप्त गर्ने प्रत्येक Y.E.S. सदस्यलाई उक्त कृत्रिम  अन्तर्वार्ताको डिभिडी रेकर्डिङ भएको एउटा विस्तृत अन्तर्वार्ता किट, एक सम्पन्नता मुल्यांकन फारम र अन्तर्वार्ता र रोजगारी खोजि कुशलताहरु भएको एउटा किताब प्रदान गरिनेछ ।

**निम्नलाई सुझाव गरिन्छ**

- Y.E.S. सदस्य
- व्यापार सदस्य

**मोड**

- कुशलता मुल्यांकनको अन्तर्वार्ता लिएको नक्कल गर्ने अन्तर्वार्ता सत्र

**उपलब्ध भाषाहरु**

- अंग्रेजी
- क्यान्टोनिज
- पुटोङगुआ

## २.२ युवा उद्यमीको लागि सहायता सेवाहरु

### २.२.१ कार्यस्टेसन

व्यापार सदस्यहरुले आफ्नो व्यापार संचालन गर्नको निम्ति कम्प्युटर, स्क्यानर, फ्याक्स मेसिन र टेलिफोन जस्ता कार्यस्टेसनका उपकरणहरु प्रयोग गर्नसक्छन ।

**निम्नलाई सुझाव गरिन्छ**

- व्यापार सदस्य

**उपकरणहरु**

- उच्च कार्यसम्पन्नता कार्यस्टेसन
- २४" मनिटर

- चित्र कोर्ने ट्याब्लेट
- व्यावसायिक फोटो स्क्यानर
- प्रिन्टर
- व्यक्तिगत टेलिफोन
- फ्याक्स मेसिन

**२.२.२ व्यापार कक्ष**

प्रोजेक्टर र अन्तरक्रियात्मक बोर्ड जस्ता उन्नत प्रस्तुति उपकरणसहितको व्यापार कक्ष व्यापार सदस्यहरुले आफ्नो सेवाग्राहीलाइ भेट्न र सांझेदारहरुसँग व्यापार योजना छलफल गर्नको लागि उपलब्ध छन ।

**निम्नलाई सुझाव गरिन्छ**

- व्यापार सदस्य

**उपकरणहरु**

- 
- पानाबोर्ड
- ओभरहेड  प्रोजेक्टर
- बहुकार्य प्रोजेक्टर
- टेलिफोन
- डिभिडी प्लेयर
- वाई-फाई इन्टरनेट पहुँच

**२.२.३ डिजाइन कर्नर**

व्यापार सदस्यहरुले डिजाइन कार्य गर्नको लागि व्यावसायिक डिजाइन हार्डवेयर र सफ्टवेयरको प्रयोग गर्नसक्छन र सेवाग्राहीहरुको निम्ति नमुना आउटपुट तयार गर्नको लागि व्यावसायिक प्रिन्टरहरु प्रयोग गर्नसक्छन ।

**निम्नलाई सुझाव गरिन्छ**

- व्यापार सदस्य

**उपकरणहरु**

- उच्च कार्यसम्पन्नता कार्यस्टेसन
- २३” मनिटर
- चित्र कोर्ने ट्याब्लेट
- स्क्यानर
- २४” फराकिलो ढाँचाको प्रिन्टर

**२.२.४ व्यापार संरचना पाठ्यक्रम**

व्यापार सदस्यहरुले व्यापार स्थापना, कानुनी दायित्वहरु, व्यापार दर्ता, लागत व्यवस्थापन, लेखा, कर, मार्केटिङ, व्यापार प्रस्तावहरु लेखन, इत्यादीको लागि यस पाठ्यक्रममा भर्ना हुनसक्छन। यो पाठ्यक्रम युवा व्यापारीहरुलाई नयाँ स्थापना गरिएको व्यापारहरुको लागि मजबुत संरचना बनाउन मदत गर्न वा उनीहरुको नयाँ व्यापारहरुको स्थापनालाई सुविधा प्रदान गर्नको लागि लक्षित रहेको छ।

**निम्नलाई सुझाव गरिन्छ**

- व्यापार सदस्य

**मोड**

- गोष्ठीहरु
- कार्यशालाहरु

**२.२.५ व्यावसायिक परामर्श सेवा**

मान्य व्यापार दर्ता प्रमाणपत्र सहितको व्यापारहरुलाई कानुन र लेखा क्षेत्रमा उनीहरुको व्यापार समस्याहरु समाधान गर्न सहायता प्रदान गर्नको निम्ति, Y.E.S. मा व्यावसायिक सेवा प्रदान गर्नको लागि उनीहरुसँग भेट गर्न योग्य वकिल र लेखापालहरुको व्यवस्थापन गरिनेछ।

**निम्नलाई सुझाव गरिन्छ**

- व्यापार सदस्य

**मोड**

- गोष्ठीहरु
- कार्यशालाहरु
- एक-एक गरि परामर्श

## २.३ Y.E.S. मा रोजगारी खोजी सेवा र सुविधाहरु

### २.३.१ कम्प्युटर क्षेत्र

युवालाई क्यारियर जानकारी खोज्न सक्षम बनाउनको लागि, बायोडाटा तयार गर्न र आवेदन पत्र लेख्न उनीहरुको प्रयोगको लागि कम्प्युटर, फ्याक्स मेसिन, फोटोकपी गर्ने, प्रिन्टरका साथै इन्टरनेट सेवाहरु उपलब्ध छन ।

**निम्नलाई  सुझाव गरिन्छ**

- सम्पूर्ण सदस्यहरुलाई

**कसरी प्रयोग गर्ने?**

तलको "बुक अनलाइन" बटनमा क्लिक गरेर आफ्नो बुकिङ गर्नुहोस

तपाईंले आफ्नो दर्ता भएको इमेल खाताबाट एउटा पुष्टि कोड प्राप्त गर्नुहुन्छ

Y.E.S. केन्द्रमा जानुहोस । आफ्नो स्मार्टकार्डको साथमा तोकिएको कम्प्युटरमा लग अन गर्नुहोस

### २.३.२ रोजगारी खोजी टर्मिनलहरु

युवा मानिसले रोजगारी-खोजी संचालन गर्नको लागि Y.E.S. मा पछिल्लो रोजगारी जानकारी प्रस्ताव गर्ने रोजगारी खोजी टर्मिनलहरुको पनि प्रयोग गर्नसक्छन । Y.E.S. ले युवामानिसको लागि भर्ति गोष्ठीहरु आयोजना गर्नको लागि निजी संस्थाहरुसँग पनि सांझेदारी गर्दछ ।

**निम्नलाई सुझाव गरिन्छ**

- सम्पूर्ण सदस्यहरु

**उपलब्ध भाषाहरु**

- अंग्रेजी

- सरलीकृत चाइनिज
- परम्परागत चाइनिज

**इन्टरनेटमा रोजगारी खोजी**

- तपाईंले पछिल्लो रोजगारीहरु खोजी गर्नको लागि iES मा पनि पुग्न सक्नुहुनेछ ।

### २.३.३ वाई-फाई सुविधा

Y.E.S. मा रोजगारी-खोजी र स्व-रोजगारी व्यापारको निम्ति निशुल्क वायरलेस इन्टरनेट पहुँच सेवाको आनन्द लिन आफ्नो कम्प्युटर नोटबुकहरु ल्याउने अनुमति दिँदै वाई-फाई सुविधा उपलब्ध छ ।

**निम्नलाई सुझाव गरिन्छ**

- ल्यापटप प्रयोगकर्ताहरु

के मेरो ल्यापटप Y.E.S. वाई-फाईमा जडित हुनसक्नेछ ?

- हाम्रो वाई-फाई सेवा प्रयोग गर्नको निम्ति, तपाईंको यन्त्रमा IEEE 802.11 स्तरको वायरलेस एडेप्टर इन्स्टल गरिनुपर्छ । विकल्पको रुपमा, तपाईंले Y.E.S. द्वारा प्रदान गरिएको ल्यापटप प्रयोग गर्न सक्नुहुनेछ ।

### ३. सदस्य दर्ता प्रक्रिया

- कानुनीरुपमा हङकङमा बसोबास गर्ने र काम गर्ने १५ देखि २९ वर्ष बीचका सबै युवाले Y.E.S. सदस्य बन्नको लागि आवेदन दिन सक्नेछन ।
- आवेदकहरुले प्राथमिकरुपमा अनलाइनमा दर्ता गर्न सक्नेछन वा साइटका टच-स्क्रिन कम्प्युटरमार्फत प्राथमिकरुपमा दर्ता संचालन गर्नको निम्ति व्यक्तिगतरुपमा Y.E.S. लाई सम्पर्क गर्न सक्नेछन । जानकारीको पुष्टिको समयमा, Y.E.S. सदस्यले आवेदकहरुलाई फोटो-लिने र निजिकृत गरिएका सदस्यता स्मार्टकार्डहरु प्रिन्ट गर्ने कार्यमा सहायता गर्नेछन ।

### ३.१ Y.E.S. सदस्य

दर्ता प्रक्रिया पुरा गर्नेहरु Y.E.S. सदस्य बन्नेछन । सदस्यता एक वर्षको लागि मान्य हुनेछ र वार्षिकरुपमा नवीकरण हुनेछन । विशेषगरी व्यापार सदस्यहरुको लागि डिजाइन गरिएका सेवा र सुविधाबाहेक, Y.E.S. सदस्यहरुले केन्द्रमा उपलब्ध रहेका अन्य सबै सेवा र सुविधाहरु प्रयोग गर्नसक्नेछन ।

### ३.२ व्यापार सदस्य

१८ देखि २९ वर्ष बीचका सबै युवा जसले आफ्नो व्यापार संचालन गरिरहेका छन र मान्य व्यापार दर्ता प्रमाणपत्रको साथमा व्यापार दर्ता कार्यालय (BRO) मा व्यापार दर्ता गराएका छन, उनीहरु व्यापार सदस्य बन्न सक्नेछन । त्यी युवा जसले आफ्नो व्यापार सुरु गर्न चाहन्छन वा सुरु गरेका छन तर अझैपनि BRO मा आफ्नो व्यापार दर्ता गरेका छैनन, उनीहरुले अस्थायी व्यापार सदस्यको रुपमा दर्ता गर्न सक्नेछन । यद्यपि, उनीहरुले आफ्नो दर्ताको छ महिना भित्रमा BRC प्राप्त गर्नु आवश्यक हुन्छ अन्यथा उनीहरुको सदस्यता Y.E.S. सदस्यमा परिवर्तित हुनेछ ।

### ३.३ ३ सरल तरिकाहरुमा आफ्नो सदस्यता प्राप्त गर्नुहोस

इन्टरनेटमार्फत दर्ता फारम पुरा गर्नुहोस वा माथि रहेको “दर्ता फारम डाउनलोड” बटन क्लिक गरेर दर्ता कागज डाउनलोड गर्नुहोस

व्यक्तिगतरुपमा कुनै Y.E.S. केन्द्रमा आउनुहोस

हाम्रो कर्मचारीले तपाईंलाई एउटा स्मार्टकार्ड दिनेछन । र तपाईं हाम्रा सेवाहरुको आनन्द लिनको लागि तयार हुनुहुन्छ !